नेपाली

Vol.53 | 2025.12

विभिन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation





## इभेन्ट प्रारम्भिक जापानी भाषाको क्लास


©Ota City

**के तपाईं जापानी भाषा अध्ययन गर्न चाहनुहुन्छ?**
**यो पहिलो पटक जापानी भाषा अध्ययन गर्ने व्यक्तिहरू र प्रारम्भिक स्तरका व्यक्तिहरूलाई लक्षित गरिएको जापानी भाषाको क्लास हो। हिरागाना र काताकाना पढ्न र लेख्न तथा आधारभूत शब्दहरू र कुराकानी सिक्न सकिन्छ।**
**ओता सहर बसोबास, अध्ययन वा काम गर्ने 16 वर्ष वा सोभन्दा बढीका व्यक्तिहरूले अध्ययन गर्न सक्नेछन्।**

- (कहिले) 2026 साल जनवरी 19 तारिख, 22 तारिख, 26 तारिख, 29 तारिख, फेब्रुअरी 2 तारिख, 5 तारिख, 9 तारिख, 12 तारिख, 16 तारिख, 19 तारिख, 24 तारिख (मंगलबार), 26 तारिख, मार्च 2 तारिख, 5 तारिख, 9 तारिख, 12 तारिख (हरेक हप्ता सोमबार र बिहीबार *फेब्रुअरी 23 तारिख (सोमबार सार्वजनिक बिदा) को सट्टामा फेब्रुअरी 24 तारिख (मंगलबार) क्लास हुनेछ)
  10 : 00 am~12 : 00 pm (कुल 16 पटक)
- (कहाँ) ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)
  (ओता सहर कामाता 4-16-8 2F)
- (रकम) 2,000 येन (क्लास 16 पटकको रकम र पाठ्यपुस्तक तथा अन्य सामग्री खर्च)
- (कति जना) 15 जना जति
- (आवेदन दिने तरिका) वेबसाइटबाट आवेदन (पहिले नाम लेखाउनेको क्रममा प्राथमिकता दिइनेछ)
- (सम्पर्क) (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
  ☎ 03-6410-7981
  Fax 03-6410-7982
  Email：mail@ota-goca.or.jp

(कहिले) ···· कहिले　(रकम) ···· रकम　(कति जना) ···· कति जना　(कहाँ) ···· कहाँ　(आवेदन दिने तरिका) ···· आवेदन दिने तरिका　(आवेदन दिने ठाउँ) ···· आवेदन दिने ठाउँ　(सम्पर्क) ···· सम्पर्क

## सूचना आर्थिक वर्ष 2026 साल "20 वर्षको भेला"* सञ्चालन समिति सदस्यको लागि आवेदन खुला

* यो ओता सहरले आयोजना गर्ने 20 वर्षको जन्म दिन मनाउनुका साथै स्थानीय समुदायप्रतिको लगाव बढाउने इभेन्ट हो। यो हरेक वर्ष जनवरीको "सेइजिन-नो-ही" मा आयोजना गरिन्छ।

ओता सहरसँग 2027 साल जनवरीमा आयोजना गरिने समारोहको योजना र सञ्चालन गर्ने सदस्यको लागि आवेदन खुला गरिएको छ। यसको दायरामा ओता सहरमा बसोबास गर्ने 2006 साल अप्रिल 2 तारिख~2007 साल अप्रिल 1 तारिखमा जन्म भएका व्यक्तिहरू पर्दछन्। योजना मिटिङ 2026 साल मे महिनादेखि अर्को सालको जनवरीको अन्त्य तिरसम्म, सोमबार~शुक्रबार बेलुका, महिनामा 1~3 पटक जति, ओता सहर कार्यालय, उपभोक्ता केन्द्र (ओता सहर कामाता 5-13-26-101) जस्ता सहरका सुविधाहरूमा हुनेछ।




आवेदन अवधि 2025 साल डिसेम्बर 1 तारिख (सोमबार) देखि 2026 साल जनवरी 31 तारिख (शनिबार) सम्म

निशुल्क

10 जना (धेरै आवेदन दिएको खण्डमा गोलाप्रथा गरिनेछ।)

वेबसाइटबाट आवेदन

स्थानीय गतिविधि प्रवर्द्धन शाखा युवा स्वस्थ विकासको जिम्मेवार कर्मचारी
☎ 03-5744-1223
Fax 03-5744-1518

## सूचना ओता सहर माइ-नम्बर कार्ड सेन्टरको स्थानान्तरण

ओता सहर माइ-नम्बर कार्ड सेन्टर JR कामाता स्टेसन अगाडि सरेको छ। पार्किङ र साइकल पार्किङ छैन।नजिकै भएको ओता सहर कार्यालयको पार्किङ र साइकल पार्किङ प्रयोग गर्नुहोस् वा सार्वजनिक यातायातमा आउनुहोस्।

(खुला समय)
सोमबारदेखि शुक्रवार 9:00 am~7:00 pm (6:30 pm सम्म काउन्टर खुला)
शनिबार र आइतबार 9:00 am~5:00 pm (4:30 pm सम्म काउन्टर खुला)
(तेस्रो शनिबार र त्यसको भोलिपल्टको आइतबार, सार्वजनिक बिदाको दिन र वर्षको अन्त्य तथा सुरुको अवधि बन्द हुनेछ)

(गर्न सकिने कुराहरू)
माइ-नम्बर नम्बर कार्डसँग सम्बन्धित निम्न प्रक्रियाहरू
- कार्ड प्राप्त (अग्रिम रूपमा नाम लेखाउने प्रणाली)
- म्याद लब्याउने
- पुनःपासवर्ड सेट गर्ने (लक हटाउने)
- नाम, ठेगाना परिवर्तन आदि

विस्तृत जानकारीको लागि होमपेज हेर्नुहोस्।

ओता सहर कामाता 5-15-1 VORT कामाता 8F

ओता सहर माइ-नम्बर कल सेन्टर
☎ 0570-03-3370
Fax 03-5690-8760



©Ota City

## सूचना वर्षको अन्त्य तथा सुरुको अवधिमा स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर* र सामान्य फोहोरहरूको सङ्कलनबारे

* स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोरहरू:पत्रिका र पर्चाहरू, म्यागजिन र कागजका प्याकहरू, कार्डबोर्ड बक्सहरू, खाद्य र पेय पदार्थका सिसाको बोतल र क्यानहरू र प्लास्टिकका बोतलहरू

2025 साल डिसेम्बर 31 तारिख (बुधबार)~2026 साल जनवरी 3 तारिख (शनिबार) बीचको अवधि सम्पूर्ण सङ्कलन बिदा हुनेछ।
नयाँ वर्ष सुरु भएपछि जनवरी 5 तारिख (सोमबार) देखि सामान्य रूपमा सङ्कलन गरिनेछ। साथै विशेष अवस्थाको रूपमा, जनवरी 4 तारिख (आइतबार) को दिन, बुधबार र शनिबार इलाकाको जल्ने फोहोर सङ्कलन गरिनेछ।
वर्षको अन्त्य तथा सुरुको अवधिमा, सामान्य दिनहरू भन्दा सङ्कलन समय र सङ्कलन कोर्समा ठूलो परिवर्तन गर्न सकिने अवस्थाहरू हुने हुनाले, स्रोतको रूपमा पुन: प्रयोग गर्न सकिने फोहोर र सामान्य फोहोरहरू फाल्नको लागि निकाल्ने समयको सन्दर्भमा, सङ्कलन गरिने दिन 8:00 am सम्ममा सङ्कलन स्थानमा राख्नुहुन अनुरोध गर्दछौं।

फोहर न्यूनिकरण प्रवर्द्धन शाखा
कार्यक्रम प्रवर्द्धन कर्मचारी
☎ 03-5744-1628
Fax 03-5744-1550



©Ota City

## सूचना बालबालिका भत्ताको वर्षको अन्त्य सुरुको अवधिको सुरुको प्रक्रिया

2025 साल डिसेम्बर 27 तारिख (शनिबार) देखि 2026 साल जनवरी 4 तारिख (आइतबार) सम्म काउन्टरमा बालबालिका भत्ताको आवेदन लिन सकिनेछैन। डिसेम्बरमा जन्मिएको बच्चा वा सरेर आएको व्यक्तिले सरेको मिति (जन्म मिति र अघिल्लो ठेगाना भएको ठाउँबाट सर्ने योजना भएको मिति) को भोलिपल्टदेखि 15 दिन भित्र आवेदन दिनुहोस्।
संलग्न गर्नुपर्ने सबै कागजातहरू नभएको अवस्थामा पनि आवेदन लिइने हुनाले म्याद भित्र आवेदन दिनुहोस्।

- बाल सेवा सहायता शाखा बाल सेवा सहायता कर्मचारी काउन्टर
- वेबसाइटबाट आवेदन
- हुलाक

*घर सरेको र बच्चा जन्मेको कारण दिइने आवेदनहरू मात्र, विशेष उपशाखामा पेस गर्न पनि सकिन्छ।
विस्तृत जानकारीको लागि वेबसाइट हेर्नुहोस्।

बाल सेवा सहायता शाखा बाल सेवा सहायता कर्मचारी (बाल चिकित्सा)
(〒144-8621 ओता सहर कामाता 5-13-14 3F 23 नम्बर काउन्टर)
☎ 03-5744-1275
Fax 03-5744-1525

## सूचना HIV को जाँच गराउनुहोस्।

ओता सहरको सार्वजनिक स्वास्थ्य केन्द्रहरूमा हरेक महिना 2 पटक बुधबार निशुल्क अनि बेनामी रूपमा HIV जाँच गरिन्छ। साथै टोक्यो महानगरपालिका सिन्ज्युकुको पूर्वी एक्जिटको जाँच तथा परामर्श कक्षमा सार्वजनिक बिदाको दिन बाहेक हरेक दिन जाँच गरिन्छ। विस्तृत जानकारीको लागि वेबसाइट हेर्नुहोस्।


©Ota City

2025 साल डिसेम्बर 24 तारिख, 2026 साल जनवरी 7 तारिख, 21 तारिख (दुबै बुधबार)
9:00 am~10:00 am
कामाता इलाका कार्यालय 2F स्वास्थ्य परीक्षण कक्ष
(ओता सहर कामाता होनच्यो 2-1-1)
निशुल्क
प्रत्येकमा 35 जना (अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ)
ओता सहरको वेबसाइटबाट नाम लेखाउनुहोस्।
संक्रामक रोग रोकथाम शाखा, संक्रामक रोग रोकथाम कर्मचारी
☎ 03-4446-2643 Fax 03-5744-1524
टोक्यो महानगरपालिका HIV आदिको जाँचको लागि नाम लेखाउने केन्द्र
☎ 050-3801-5309

···· कहिले ···· रकम ···· कति जना ···· कहाँ ···· आवेदन दिने तरिका ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

## इभेन्ट बाल अध्ययन सहयोग क्लास

यो क्लास जापानी भाषा अध्ययन गरिरहेका प्राथमिक तथा निम्न माध्यमिक विद्यालयका विद्यार्थीहरूको लागि हो। जापानी भाषा नबुझेर विद्यालयको गृहकार्य र पढाइ गाह्रो भइरहेको व्यक्तिहरू अवश्य पनि आउनुहोस्। वयस्क स्वयंसेवकहरूसँग अध्ययन गर्नुहोस्।

●क्लासमा गर्न सक्ने कुराहरू

- गृहकार्य सहायता
- पाठ्यपुस्तकको विवरण र शब्दहरूको अध्ययन
- जापानी भाषा प्रयोग गरिएको अध्ययन गतिविधि　आदि

●दायरामा पर्ने व्यक्तिहरू

- प्राथमिक विद्यालय ग्रेड 1~निम्न माध्यमिक विद्यालय ग्रेड 3 को विद्यार्थी
- ओता सहरको प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा अध्ययन गरिरहेको व्यक्ति
- जापानी भाषा गाह्रो लाग्ने, जापानी भाषा अध्ययन गरिरहेका व्यक्तिहरू

2026 साल जनवरी~मार्च (हरेक हप्ता बुधबार *सार्वजनिक बिदाको दिन बाहेक)
3 : 45 pm देखि 5 : 15 pm सम्म
(जनवरी 14 तारिख, 21 तारिख, 28 तारिख, फेब्रुअरी 4 तारिख, 18 तारिख, 25 तारिख र मार्च 4 तारिख, 11 तारिख, 18 तारिख) (कुल 9 पटक)
क्लास 1 (प्राथमिक विद्यालय ग्रेड 1 को विद्यार्थी~प्राथमिक विद्यालय ग्रेड 5 को विद्यार्थी): 3 : 45 pm-4 : 45 pm
क्लास 2 (प्राथमिक विद्यालय ग्रेड 6 को विद्यार्थी~निम्न माध्यमिक विद्यालय ग्रेड 3 को विद्यार्थी): 3 : 45 pm-5 : 15 pm
*परामर्श गरेर क्लास निर्धारण गर्न सकिन्छ।

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) (कामाता 4-16-8　2F)

निशुल्क

क्लास 1　10 जना जति
क्लास 2　10 जना जति

・काउन्टर　(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ (ओता सहर कामाता 4-16-8　2F　ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota))
・वेबसाइटबाट आवेदन
・Email: mail@ota-goca.or.jp
・Fax 03-6410-7982
धेरै आवेदक भएको खण्डमा गोलाप्रथा गरिनेछ।

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981　Fax 03-6410-7982
Email: mail@ota-goca.or.jp

## इभेन्ट विशेष प्रदर्शनी: काइस्युलाई* पछ्याऊँ! युवाहरूको विदेश हेर्ने यात्रा

*काइस्यु: काचु काइस्यु। सन् 1823 साल (एदो कालको अन्त्य) देखि सन् 1899 साल (मेइजी काल) सम्म जीवित रहेका जापानी नागरिक

यो प्रदर्शनीमा विदेशमा अध्ययन गर्ने जापानी विद्यार्थीहरूले काचु काइस्युलाई पठाएका पत्रहरू प्रदर्शन गरिन्छ। यी पत्रहरूबाट उनीहरूको काइस्युप्रतिको भावना र अन्तर्राष्ट्रिय जनशक्ति विकासमा काइस्युको भूमिका प्रष्ट पारिनेछ।

2025 साल नोभेम्बर 14 तारिख (शुक्रबार)~2026 साल मार्च 8 तारिख (आइतबार)
10 : 00 am~6 : 00 pm
*नियमित बिदा: सोमबार (सार्वजनिक बिदाको खण्डमा भोलिपल्ट)

काचु काइस्यु स्मारक भवन
(ओता सहर मिनामिसेन्जोकु 2-3-1)

सामान्य टिकट 300 येन, प्राथमिक तथा निम्न माध्यमिक विद्यालयको विद्यार्थीको लागि 100 येन (विभिन्न प्रकारका छुटहरू उपलब्ध छन्)

काचु काइस्यु स्मारक भवन
☎ 03-6425-7608　Fax 03-6425-7610

हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

प्रकाशन　ओता सहर, स्थानीय गतिविधि प्रवर्द्धन शाखा
सहरवासी-प्रशासन सहकार्य, बहुसांस्कृतिक सहजीवन कर्मचारी
ठेगाना　〒144-0052 ओता सहर कामाता 4-16-8　2F
ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227　Fax 03-5744-1323

▼ विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)

▼ बहुभाषी परामर्श काउन्टर

ब्याक नम्बर हेर्न सकिन्छ। ▶